# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


## प्रेस विज्ञप्ती

### मार्जिन कारोबार सुविधामा ऋणको ब्याजदर तथा अनुगमन सम्वन्धी व्यवस्था गरिएको सम्वन्धमा ।

धितोपत्रको दोश्रो बजारमार्फत लगानी गर्ने सर्वसाधारण लगानीकर्तालाई अन्तर्राष्ट्रिय अभ्यास अनुरुप मार्जिन कारोवार सुविधा उपलब्ध गराउने, दोस्रो बजार कारोबारमा तरलता अभिबृद्धि गर्ने तथा धितोपत्र दलाल व्यवसायको दायरा विस्तार गर्ने उद्देश्यले वोर्डले कार्तिक २०, २०७४ मा मार्जिन कारोवार सुविधा सम्वन्धी निर्देशन, २०७४ जारी गरेको र सोही बमोजिम नेपाल स्टक एक्सचेञ्जले वैशाख १९, २०७५ मा "मार्जिन कारोवार सुविधा सम्बन्धी कार्यविधि, २०७५" तर्जुमा गरेको भएतापनि कार्यान्वयन भैनसकेको सन्दंभ एवं मुद्रा तथा पूँजी बजारमा देखिएका प्रवृत्तिहरुको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीका लागि श्रोत व्यवस्थापन सम्बन्धी सुझाव समितिको प्रतिवेदन कार्यान्वयनको लागि नेपाल सरकार अर्थ मन्त्रालयबाट पूँजी बजारसँग सम्बन्धित सुझावहरु कार्यान्वयनका लागि बोर्डमा प्राप्त भएको हालैको प्रतिवेदनमा उल्लेख भएका सुझावहरु कार्यान्वयन गर्दै जाने क्रममा धितोपत्र दलालले ग्राहकलाई उपलब्ध गराउने ऋणको ब्याजदर तथा अनुगमन सम्बन्धमा देहाय अनुसारको व्यवस्था समेत गरी मार्जिन कारोवार सुविधा उपलब्ध गराउने कार्य कार्यान्वयनमा ल्याउन नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिनुका साथै यस सम्वन्धी अन्य व्यवस्था समेत गरिएको छ :

(क) धितोपत्र दलालले ग्राहकलाई उपलब्ध गराउने मार्जिन कारोवार सुविधा सम्बन्धी व्यवस्था धितोपत्र नियमन निकायको दायराभित्र पर्ने परिप्रेक्ष्यमा धितोपत्र दलालले मार्जिन कारोवार सुविधा अन्तर्गत ग्राहकलाई उपलब्ध गराउने ऋणको ब्याजदर सम्बन्धमा धितोपत्र दलाल र ग्राहकबीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुने व्यवस्था गर्ने ।

(ख) धितोपत्र दलालले मार्जिन कारोवार सुविधा उपलब्ध गराए वापत ग्राहकसँग लिने ब्याजको दरबारे बोर्ड र नेप्सेलाई पूर्व जानकारी गराउने व्यवस्था गर्ने ।

(ग) धितोपत्रको मार्जिन कारोवार सुविधाका विविध पक्षहरु बारे सुसूचित नभई लगानी गरेमा मार्जिन कारोवार जोखिमपूर्ण हुने हुँदा यो सुविधा लागू गर्नुअघि यस सम्बन्धमा लगानीकर्ताहरुलाई पर्याप्त जानकारी दिन नेप्सेले सचेतनामूलक कार्यक्रम संचालन गर्ने साथै धितोपत्र दलाल व्यवसायीमार्फत समेत सचेतनामूलक कार्यक्रम संचालन गर्ने गराउने व्यवस्था मिलाउने ।

(घ) मार्जिन कारोवार सुविधाको कार्यान्वयनलाई स्वच्छ, पारदर्शी तथा प्रतिस्पर्धी बनाउन मार्जिन कारोवारको सुपरीवेक्षण व्यवस्थालाई चुस्त र प्रभावकारी बनाउन अति आवश्यक रहेकोले धितोपत्र बजारको अग्रपंक्तिको नियमन निकायको रुपमा रहेको नेप्सेले मार्जिन कारोवारको नियमित र सघन रुपमा सुपरीवेक्षण/अनुगमन गर्ने ।

यस सर्न्दभमा मार्जिन कारोवार सुविधा अभ्यासमा आएपश्चात मार्जिन कारोवारको लागि धितोपत्र दलालले ग्राहकलाई उपलब्ध गराउने ऋणको ब्याजदर सम्बन्धमा कुनै अस्वाभाविक स्थिति आएमा बोर्डले आवश्यक हस्तक्षेप (इन्टर्भेन्सन) तथा नियमन/सुपरिवेक्षण गर्ने समेत व्यवस्था गरिएको छ ।

यसका साथै वोर्डको मार्जिन कारोवार सुविधा सम्वन्धी निर्देशन, २०७४ र नेप्सेले वनाएको मार्जिन कारोवार सुविधा सम्वन्धी कार्यविधि, २०७५ सहित मार्जिन कारोवार सुविधा सम्वन्धमा वोर्डले गरेका व्यवस्था वारे नेपाल राष्ट्र वैकलाई जानकारी गराउने उक्त वोर्ड वैठकको निर्णयानुसार सो वैंकलाई पत्रमार्फत समेत जानकारी गराईएको छ ।

धितोपत्र वजारमा मार्जिन कारोवार सुविधा उपलब्ध भए पश्चात धितोपत्र व्यवसायको कार्य दायरा (स्कोप अफ वर्क) विस्तार हुने, लगानीकर्तालाई एकै ठाउँ (वन स्पट) वाट कारोवार सम्वन्धी सेवा प्राप्त हुने तथा दोस्रो वजार कारोवारमा तरलता अभिवृद्धि भई समग्र धितोपत्र वजारको विकास/विस्तार हुने वोर्डको अपेक्षा रहेको छ ।

मिति: २०७५।१०।१८

(परिष्टनाथ पौड्याल)
कार्यकारी निर्देशक